annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३८ पृष्ठ ८ | काठमाडौं, शनिबार २४ जेठ २०८२ | जेष्ठ शुक्लपक्ष एकादशी नेपाल संवत् ११४५ | SATURDAY, JUNE 7, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## श्रमदानबाटै समृद्ध बन्दै छायाँनाथ

साना-साना विकासका कामका लागि पनि सरकारी बजेटको मुख ताक्ने संस्कार नै बनिसकेको छ। तर, मुगुको छायाँनाथ रारा नगरपालिका प्रमुख विष्णुकुमार भामले भने उदाहरणीय काम गरेका छन्। 'गरे के हुँदैन, श्रमदानबाट' भन्ने अभियान सुरु गरेका छन्। श्रमदानबाटै गाउँमा बाटोघाटो, पुलपुलेसा, खानेपानी, पाटी, चौतारा निर्माण गरेका छन्। 'श्रमदान' उनको अभियानलाई जनताको साथ छ, विकास निर्माणमा जनताले अपनत्व पनि लिएका छन्। त्यसैकारण, विकासका लागि सरकारी कोष नै चाहिन्छ भन्ने मान्यतालाई चिर्न सफल भएका छन्।

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

**- को रिपोर्ट**

समाचार पृष्ठ २




भित्री पृष्ठ



नुनजस्तै बिलाउनु भयो : रसिक दाइ - पृष्ठ ३



मध्ययुगीन मुस्लिम, मर्मभित्रका मुस्लिम - पृष्ठ ४




राजनीति, राष्ट्रियता र विकासका 'ट्र्याङ्गुलेसन' - पृष्ठ ५



मल अभावले किसानलाई तनाव - पृष्ठ ७

# टीपीएस सुविधा खारेज, हजारौं नेपाली प्रभावित हुने

**सुरज भण्डारी** | *अमेरिका*

अमेरिकाले नेपाललाई टीपीएस (टेम्पोररी प्रोटेक्टेड स्टाटस) सूचीबाट हटाएको छ। सन् २०१५ को अप्रिल २५ मा गएको भूकम्पलाई कारण बनाई अमेरिकाले नेपाललाई टीपीएस सुविधा दिने देशको सूचीमा राखेको थियो। कुनै पनि देशलाई यो सूचीमा समावेश गरेसँगै अमेरिकाले ती देशका नागरिक जो अमेरिकामा वैधानिक रूपमा छैनन, उनीहरूलाई अस्थायी रूपमा वैधानिक ढंगबाट अमेरिका बस्न र काम गर्न अनुमति प्रदान गर्दछ। अमेरिकाले प्रदान गरेको टीपीएस अर्थात् अस्थायी संरक्षित स्थितिमा रहेर करिब १४ हजार ७ सय ९१ नेपालीले यो सुविधा लिएका थिए। अमेरिकाको आप्रवासन प्रणालीअन्तर्गत विशेष परिस्थितिमा दिइने सुविधा हो टीपीएस। यो सुविधा पाएका निश्चित देशका नागरिकहरूलाई अस्थायी रूपमा अमेरिकामा बस्न, काम गर्न र कहिलेकाहीँ अन्तरदेशीय यात्रा गर्न समेत अनुमति प्राप्त हुन्छ।

यो सुविधालाई अमेरिकाको डिपार्टमेन्ट अफ होमल्यान्ड सेक्युरिटी (डीएचएस)अन्तर्गत रहेको अमेरिकी नागरिकता तथा आप्रवासन सेवाले व्यवस्थापन गर्छ। यसको वेबसाइटमा उल्लेख



AMN EV RALLY 2025

भएअनुसार यो सुविधा त्यस्ता देशका नागरिकहरूलाई दिइन्छ, जहाँ आन्तरिक वा बाह्य युद्ध, प्राकृतिक विपद् वा अन्य किसिमका गम्भीर मानवीय संकट आइपरेको छ। र, त्यहाँ उनीहरूको सामान्य जीवन सम्भव छैन। त्यहा उनीहरूलाई सुरक्षाको जोखिम छ। यो सुविधा पाएका व्यक्तिहरूलाई अमेरिकी भूमिबाट निष्कासन गरिँदैन भने उनीहरूलाई वैध रूपमा काम गर्ने अनुमति पनि दिइन्छ। यद्यपि, यो स्थायी बसोबासको सुविधा भने होइन। यसबारे लेखिएको सूचनामा नै निश्चित अवधि समाप्त भएपछि सम्बन्धित व्यक्ति अमेरिकामा बस्न योग्य नभए फर्किनुपर्ने भनिएको छ।

जुन २४, २०१५ अगावै अमेरिका आएकाहरू जो वैधानिक कागजविहीन छन्, ती नेपालीलाई टीपीएसबाट लाभ लिने अवस्था निर्माण भएको थियो। टीपीएसमा रहेकाहरूले ट्राभल डकुमेन्टमार्फत नेपाल समेत जान-आउन पाएका थिए। राष्ट्रपति डोनाल्ड जे ट्रम्प प्रशासनले आप्रवासन नीतिमा कडाइ गरिरहँदा अन्य टीपीएस प्राप्त देशहरूलाई यो सूचीबाट हटाइरहँदा नेपाल पनि त्यो सम्भावना रहेको अनुमान गरिएको थियो। सोही अनुमान अनुरूप नै अहिले नेपाललाई त्यो सुविधा दिन आवश्यक नभएको निष्कर्षसहित ट्रम्प प्रशासनले टीपीएस खारेज गरिदिएको हो। टीपीएस नवीकरण गर्ने वा खारेज गर्ने अधिकार डिपार्टमेन्ट अफ होमल्यान्ड सेक्युरिटी सेक्रेटरीलाई रहेकोमा सेक्रेटरी क्रिस्टी नोइमले नवीकरण गर्नुपर्ने अवस्था नरहेको निष्कर्ष निकालेका हुन्।

» बाँकी पृष्ठ ६

## मलाई इलोनसँग बोल्नै मन छैन : ट्रम्प

**वासिंटन डीसी** (एजेन्सी) : डोनाल्ड ट्रम्पले विभिन्न अमेरिकी मिडियाहरूसँग शुक्रबार कुराकानी गर्दै आफूलाई इलोन मस्कसँग बोल्नै मन नभएको बताएका छन्।

'म इलोनको बारेमा सोचिरहेको पनि छैन। उसलाई समस्या छ। त्यो गरिब मान्छेलाई समस्या छ', ट्रम्पले सीएनएनलाई भने। ट्रम्पले एबीसी न्युजसँग कुराकानी गर्दै मस्कलाई 'दिमाग गुमाएको मानिस'को संज्ञा दिएका थिए।

राष्ट्रपति दिनभर आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म ट्रुथ सोसलमा पनि सक्रिय रहे तर उनले मस्कको बारेमा केही उल्लेख गरेका छैनन्।

यसैबीच, अमेरिकी राष्ट्रपति ट्रम्पले आफूले टेस्ला बेच्ने विचार गरिरहेको पनि बताए। सीबीएस न्युजले ह्वाइट हाउसका एक वरिष्ठ अधिकारीलाई उद्धृत गर्दै उक्त रिपोर्ट सार्वजनिक गरेको हो। इलोन मस्कलाई उनको कम्पनीको प्रबर्द्धन गर्न मद्दत गर्ने उद्देश्यले ट्रम्पले टेस्लाको रातो कार किनेका थिए। जुन केही साता यता ह्वाइट हाउसमै पार्क गरेर राखिएको जनाइएको छ। ट्रम्पसँग मस्कको यो झगडा सम्भवत: ग्रहमा सबैभन्दा बढी चर्चा गरिएको विवाद बनेको छ। तर, संसारका सबैभन्दा बढी धनी व्यक्तिहरू बहसमा मुछिएको यो पहिलोपटक भने होइन।

### बैंकर्स र व्यवसायी छुट्याउनै हम्मे


# वाफिया विधेयक अन्योलमा

**ममता थापा** | *काठमाडौं*

झन्डै दुई वर्ष भयो, बैंकर्स र व्यवसायी छुट्याउन नसक्दा बैंक तथा वित्तीय संस्थासम्बन्धी (वाफिया) विधेयक अर्थ समितिमा अड्केको अड्क्यै छ। विधेयकमाथि १ सय १७ संशोधन परेका छन्। बैंकर र व्यवसायी छुट्याउने विषय नसुल्झिँदा विधेयक नै पुनर्लेखन गर्ने कि भन्नेमा अर्थ समिति पुगेको छ।

वाफिया विधेयक ०८० चैत्र ५ गते संसद्मा दर्ता भएको थियो। ०८१ भदौमा अर्थ समितिमा पुग्यो। तर, अधिकांश सुझाव २ वर्षअघिका भएकाले अब विधेयक नै पुनर्लेखन गरी निचोडमा पुग्नुपर्ने अवस्था आएको बताउँछन, अर्थ समिति सभापति सन्तोष चालिसे। समितिले बैंकर्ससँग, विभिन्न ६ जना बैंक र कानुन विज्ञहरूसँग छुट्टाछुट्टै छलफल पनि गरेको थियो। 'वाफियामा विवाद भएर अड्काएको विषय हो, बैंकर्स र व्यवसायी कसरी छुट्याउने भन्ने विषय,' सभापति चालिसेले अन्नपूर्णसँग भने,' बैंकर्सले व्यवसाय गर्न नपाउने, व्यवसायी बैंकर्स हुन नपाउने भन्ने विषय धेरै ठूलो हो। व्यवसायी नै बैंकर छन्। उनीहरूको अर्बौं अर्ब रुपैयाँ सबैतिर छ। त्यो छुट्याइदिन गाह्रो हुन्छ। अझ भद्रगोल हुन्छ।' २०-५० जनाले अर्बौं अर्ब रुपैयाँ यता र उता गरेर झिक्दा गाह्रो हुने भएकाले यसलाई अलिकति पुनर्लेखन गरेर सच्याउने पो हो कि भन्नेमा समिति पुगेको सभापति चालिसेले जानकारी दिए। वाफियाको ड्राफ्ट राष्ट्र बैंकबाट भएकाले फेरि सच्याएर ल्याउनुपर्ने देखिएको उनले जनाए।

समितिले जेठ १९ गते राष्ट्र बैंक गभर्नर डा.विश्वनाथ पौडेलसँग यो विषयमा छलफल गरेको थियो। गभर्नर डा. पौडेलले आफू भर्खरै मात्र आएकाले एकपटक अध्ययन गरेर मात्रै पुनर्लेखनबारे धारणा पेस गर्ने बताएका थिए। त्यसैकारण समितिले गभर्नरलाई एक साताको समय दिएको सभापति चालिसेले जानकारी दिए। उनका अनुसार अब सात दिन (जेठ २७) पछि अध्ययन गरेर ल्याएमा पुनर्लेखन गर्न सकिने/नसकिनेबारे थाहा हुन्छ। सभापति चालिसे थप्छन्, 'गभर्नरले सच्याएर पुनर्लेखन गर्न तयार छौं भनेको खण्डमा समिति पुनर्लेखनमा अघि बढ्ला। यसो भएन भने हामी समितिमा बसेर सच्याउने गरी अघि बढ्छौं। पुनर्लेखनको काम सकिएपछि संशोधनतर्फ जान्छौं।' वाफियाका विषयमा सांसदले १ सय १७ वटा संशोधन परेको समेत उनले जानकारी दिए। यसैले अब उनीहरू सबैलाई एक-एक गरेर बोल्न दिने र संशोधनमाथि छलफल हुने उनले बताए। 'यसपछि मात्रै दफाबारमा गएपछि बल्ल अन्तिम खाका तयार हुन्छ। यो निकै अप्ठ्यारो विधेयक भएकाले अलिकति समय लाग्छ। दफाबारमा कानुन मन्त्रालय र अर्थ मन्त्रालय साथमा हुन्छ र क्रमश: पास हुँदै जान्छ,' सभापति चालिसेले भने।



विधेयक संख्याः

बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक

२०८०

संघीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं।

- समितिमा ११७ वटा संशोधन प्रस्ताव परेका छन्।
- अर्थ समिति अहिले विधेयक पुनर्लेखन गर्ने कि भन्ने विषयमा छलफलमा छ।

पूर्वबैंकर पर्शुराम कुँवर आफूसँग सम्बद्ध नभएका तर अन्य बैंक तथा वित्तीय संस्थाहरूका उल्लेख्य स्वामित्व भएका संस्था/कम्पनीहरूलाई र वित्तीय संस्थाहरूका उल्लेख्य स्वामित्व भएका प्राकृतिक व्यक्तिहरूलाई बैंक तथा वित्तीय संस्थाहरूले कर्जा तथा सुविधा दिन यो दफाले नरोक्ने बताउँछन्। 'यो दफाको आधारमा वाणिज्य बैंक र पूर्वाधार विकास बैंकका उल्लेख्य स्वामित्व भएका प्राकृतिक व्यक्तिहरूले व्यक्तिगत कर्जा (जस्तै, अटो लोन, होम लोन, सेयर कर्जा, ओभर ड्राफ्ट आदि) कुनै पनि बैंक तथा वित्तीय संस्थाहरूबाट लिन पाउँदैनन्। यही कारणले देशमा न भूकम्प आउँछ न आर्थिक गतिविधि ठप्प हुन्छ।' 'बैंकर' र 'व्यवसायी' छुट्याउन खोजेको अर्को दफा हो- दफा १८। जसले 'सञ्चालकको अयोग्यता' अन्तर्गत उपदफा (१) मा थप्न प्रस्तावित गरिएको खण्ड (च१) मा भनिएको छ, 'सम्बद्ध व्यक्ति वा निजको परिवार वा निज र निजको परिवार सम्बद्ध कम्पनी वा संस्थाले लिएको कुल व्यावसायिक ऋण निज सञ्चालक हुन चाहेको बैंक वा वित्तीय संस्थाको चुक्ता पुँजीको एक प्रतिशतभन्दा बढी भएको छ।'

» बाँकी पृष्ठ ६